चुरे गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घरखेडा, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

विभिन्न नदी/खोलाबाट नदीजन्य पदार्थको बिक्रि कर  संकलन सम्बन्धी बोलपत्रको सूचना

दोश्रो पटक प्रकाशित मिति २०७६।०६।३०

यस चुरे गाउँपालिकाको कार्यालय कैलालीबाट आ.व. २०७६।७७ का लागि स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा ११ को उपदफा २ को घ ६ र दफा ६४ को उपदफा १ च , चुरे गाउँपालिका आर्थिक ऐन ,२०७६ अनुसार लगाउन सकिने देहाय बमोजिमकोनदी खोलाको बिक्रि कर( रोयल्टी) ठेक्का लिन इच्छुक व्यक्ति फर्म वा कम्पनीहरुबाट सिलबन्दी बोलपत्र पेश गर्न यो सुचना प्रकाशित गरिएको छ । साथै यस बोलपत्रको सम्बन्धमा थप जानकारी प्राप्त गर्नका लागि चुरे गाउँपालिकाको कार्यालयमा  सम्पर्क गर्न सकिने छ ।

ढुङ्गा गिट्टी बालुवा भरान माटो ग्राभेल बिक्रिकर संकलन तर्फका २०७६ कार्तिक १ देखी २०७७ जेठ मसान्त सम्मको अवधी रहेको ठेक्का सम्बन्धी बिवरण ।

| **ठेक्का नं.** | **नदी खोलाको बिवरण** | **न्युनतम ठेक्का अंक रु.( मु.अ.कर बाहेक)** | **टेण्डर फाराम दस्तुर** | **सुचनाको अवधी** |
|---|---|---|---|---|
| ०४।०७६।०७७ | ठुली गाँड खोला | रु १७०२५००।०० | ३०००।०० | ७ दिने |

**शर्तहरु :**

१ .यो सुचनामा प्रकाशित गरीएका बोलपत्रहरु सुचना प्रकाशित भएको मितिले ७ औ दिन सम्म कार्यालय समय भित्र चुरे गाउपालिकाको कार्यालय सहजपुरबाट माथि उल्लेखित दस्तुर बुझाई खरीद गर्न सकिने छ। खरीद भएका बोलपत्रहरु ८ औ दिन दिउसो १२.०० बजे भित्र चुरे गाउपालिकाको कार्यालय , सहजपुरमा दर्ता गर्नुपर्ने छ।

२ . बोलपत्र खरीद दमखिला गर्ने दिन वा खोलीने दिन बिदा परे सो को भोली पल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्ने छ साथै त्यसै बमोजिम खोलीने कार्यकम पनि हुने छ ।

३ ठेक्का लिने ईच्छुक फर्मले धरौटी वाफत कबोल अंकको तीन प्रतिशत रकम राख्नुपर्ने छ। उक्त रकम यस चुरे गाउपालिकाको सनराइज बैङ्को खाता नं:०८२०५२९९६३७०३००१मा नगद दाखीला वा नेपाल राष्ट्र बैङ्क बाट मान्यता प्राप्त वाणिज्य बैङ्ले जारी गरेको १२० दिन म्याद भएको बिड वण्डको सक्कल प्रति पेस गर्नु पर्ने छ।

४ . बोलपत्र दाताले खामको बाहिर पट्टी ठेक्का नं. ठेक्काको बिवरण  र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्ने छ।

५ . बोलपत्र खरीदकर्ताले प्रतेक ठेक्काको लागी छुट्टा छुट्टै बोलपत्र फाराम खरीद गरी छुट्टा छुट्टै दर्ता गर्नु पर्ने छ।

६  बोललपत्र खरीद कर्ताले बोलपत्र फाराम खरीद गर्दा नेपाली नागरीकताको प्रतीलिपि मु.अ.कर दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाण, फर्म दर्ता र  नविकरणको प्रमाण आदीको प्रमाणपत्रको प्रतिलिपि साथ तोकीएको दस्तुर तिरी खरीद गर्नुपर्ने छ ।

वसन्त वहादुर बोहरा

प्रमुख प्रशासकीय अधिकृत

७ .बोलपत्र खरदिकर्ताले आफुले कबोल गरेको अंक र अक्षरमा प्रष्ट देखीने गरी लेख्नुपर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ। दर्ता भएका सिलबन्दी बोलपत्र फिर्ता तथा संसोधन हुने छैन।

८. बोलपत्र खरदि दाखिला गर्ने दिन वा खोलीने दिन सार्बजनीक बिदा परे सो भोली पल्ट माथि उल्लेखित समयमा दाखिला गर्नुपर्ने छ साथै त्यस पछी खोलीने कार्यक्रम पनी हुनेछ।

९. रितपुर्बक दाखिला भएका बोलपत्र मध्ये घटी वा बढि वालाको बोलपत्र स्वुकृत गर्ने वा नगर्ने वा सुचना नै रद्ध गर्ने वा सुचना संसोधन लगायतका आदि समपुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छन्। साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार्य कार्य हुनेछैन।

१० ठेकेदारले सम्झौतापत्रमा पट्टापुर्जीमा तोकीएका बस्तुहरुमा मात्र तोकीए बमोजिमको दरमा रोयल्टी संकलन गर्नु पर्ने छ। सो भन्दा फरक हुनेगरी कर संकलन गरेमा नियम अनुसारकारवाही हुने छ।

११. प्रचलीत नियम अनुसार कालो सुचिमा परेका र चुरे गाउँपालिकालाई बुझाउनु पर्ने बाकी बक्यौता भएका ब्याक्ती ,फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

१२ ठेकेदारले चुरे गाउँपालिकाको राजश्व संकलन गर्ने स्थानमा दर रेट सहितको सुचना पाटी टास गर्नु पर्ने छ र राजश्व संकलन गर्ने कर्मचारी लाई परीचय पत्र लगाई मात्र संकलन कार्य गराउनुपर्ने छ।

१३ ढुङ्गा गिट्टी बालुवा ग्राभेल भरान माटो झिक्नु पर्ने घाटगद्धी स्थल सम्म जान आउन आवश्यक पर्ने बाटो बनाउने तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फ बाट गर्नु पर्ने छ। ढुङ्गा गिट्टी बालुवा ग्राभेल भरान माटो लिन कुनै ब्याक्ती वा निकायको निजि जग्गा व ाबन क्षेत्र भित्र जानुपर्ने भएमा सम्बन्धीतको स्वीकृती लिने कार्य स्वयं ठेकेदारले नै गर्नुपर्नेछ।

१४ ठेकेदारले नदि जन्य पदार्थ संकलन ,उत्खनन् हुने घाटगद्धी स्थल सम्बन्धीका खर्चहरु स्वयं आफैले बेहोर्नु पर्ने छ र कर संकलन गर्ने दर प्रति घनमिटर मु.अ.कर बाहेक ७५।०० (अक्षेरेपी रु पचहत्तर रुपया मात्र) हुने छ।

१५ खोला तथा नदीको घाटगद्धी हरुमा सम्पुर्ण जानकारी सहीतको सुचना पाटी(साईन बोर्ड) ठेकेदार आफैले बनाई सबै सरोबकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नुपर्ने छ।

१६ यस सुचनामा उल्लेख भएका शर्तहरु यसठेक्काको प्रयोजनका लागी अभिन्न अंगको रुपमा मानिने छ।

१७ यस सुचनामा उल्लेख भएको बिषय यसै सुचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलीत ऐन नियम बमोजिम हुने छ।

१८ ठेक्का सँग सम्बन्धीत अन्य शर्तहरु बोलपत्र फारम खरीद गर्दा यस कार्यालय बाट उपलब्ध गराईने छ।

प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत